बुद्धभूमि नगरपालिका
Buddhabhumi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
हनुमानचोक, बुद्धी, कपिलवस्तु (Hanumanchok, Buddhi, Kapilvastu)
प्रदेश नं. ५ (Province No. 5)

पत्र संख्या.:०७६।७७
चलानी नं.:

मिति: २०७७।०३।२९

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले परिचय-पत्र नवीकरण गराउने सम्बन्धी सूचना

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस बुद्धभूमि नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आ. ब. २०७७/०७८ का लागि मिति २०७७।०४।०१ देखी २०७७।०४।३२ गते सम्ममा सम्बन्धित वडा कार्यालयमा गई नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यदि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले साउन मसान्त भित्रमा नवीकरण नगरी भत्ता छुट्न गएमा कार्यालय जबाफदेही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**नवीकरणको लागी आवश्यक कागजातहरू:**

१. फोटो २ प्रति,
२. सामाजिक सुरक्षा भत्ता परिचय पत्र र सो को प्रतिलिपि,
३. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (बालबालिकाको हकमा बाहेक),
४. बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
५. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
६. अपाङ्गता भएका व्यक्तिको हकमा प्रचलित कानुन बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि,
७. सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित हुन नसकी संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिएकोमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
८. तिन पुस्ते विवरण तथा सम्पर्क नम्बर।

अनिल पौडेल
प्रमुख प्रशासकिय अधिकृत

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन: ४२११५६१, ४२६४६८
४२६२०५६, ४२००८९५
फ्याक्स: ४२०००१४

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- ०७६/०७७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ९६९१

२०७७/३/१५

विषय: जानकारी सम्बन्धमा।

श्री स्थानीय तह सबै।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुरूप सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखि पौष मसान्तभित्र नाम नवीकरणकोलागि निवेदन दिनुपर्ने ब्यवस्था रहेकोमा हाल सामाजिक सुरक्षा नियमावली,२०७६ लागू भईसकेपछी नियमावलीको नियम ९ अनुरूप प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने ब्यवस्था रहेको छ। सो परिवर्तित ब्यवस्था अनुरूप श्रावण मसान्तभित्र नाम नवीकरण गर्नकोलागि सम्बन्धित सबै लाभग्राहीहरूमा सूचना तथा जानकारी र प्रचार प्रसार गर्नु गराउनुहुन जानकारीकालागि अनुरोध छ।

साबित्रा बस्नेत
शाखा अधिकृत